# हिमालयन हाईड्रोपावर लिमिटेड

## बुद्धनगर काठमाण्डौं

## साधारण सभा सम्बन्धि सूचना

आदरणीय शेयर धनी महानुभावहरु,

यस कम्पनिको मिति २०७६।११।६ मा बसेको हिमालयन हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठको निर्णयानुसार निम्न मिति, समय, स्थानमा तपसिलका विषय सूचीहरु उपर छलफल गर्न कम्पनिको वार्षिक साधारण सभा बस्ने भएकोले यस कम्पनिका सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उक्त मिति, समय र स्थानमा उपस्थित हुन शेयर धनी महानुभावहरुको जानकारीको लागी कम्पनि ऐन २०६३ को दफा ६७(२) तथा कम्पनिको नियमावली २०७३ को नियम १८(३) बमोजिम यो सुचना जारी गरिएकोछ ।

सभा हुने मिति, समय र स्थान

मितिः २०७६।१२।१, समयः दिनको ११ बजे, स्थानः होटल साग्रिला भिलेज रिसोर्ट, पोखरा कास्की

छलफलका विषयहरु

क. समान्य प्रस्ताव

१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन अनुमोदन गर्ने ।

२ आ.व. २०७५/०७६ को वासलात सहितको लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

३ आ.व २०७६/०७७ को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४ कम्पनि ऐन २०६३ को दफा ८६(२) बमोजिम महिला समेत शेयरधनी रहेको पब्लिक कम्पनी भएको हुंदा कम्तीमा एकजना महिला सञ्चालक हुने गरि संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ४ को निर्वाचन गर्ने बारे ।

ख. विविध

साधारण सभा सम्बन्धी जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनीको वार्षिक साधारण सभाको सूचना लगायत सभा सम्बन्धी अन्य कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा पठाईएकोछ । कारणवश कुनै शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा नै प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर, काठमाण्डौमा हेर्न पनि सकिनेछ ।

२. सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा दर्ता गरिसक्नुपर्नेछ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।

५. सभामा भाग लिन प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिइसकेको भएतापनि निजले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामुहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको बुद्धनगर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

८. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट संस्थाको सूचना पाटीमा पछि अलग्गै प्रकाशित गरिनेछ ।

९. कन्सोर्टियम लगानी सम्बन्धि सम्झौताको दफा १.०४.(e)अनुसार यस कम्पनिका सञ्चालकले व्यक्तिगत धन जमानीको कागज गर्नु पर्ने व्यवस्था रहेकोछ ।